United Nations
Educational, Scientific and
Cultural Organization

Kathmandu Office

नेपाल पत्रकार महासंघ

# प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड



# प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड

# प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड

**प्रकाशन :** संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को), काठमाडौं कार्यालय र नेपाल पत्रकार महासङ्घ

**लेखन :** कुन्दन अर्याल, उजिर मगर, समीर घिमिरे

**संयोजन/सुपरिवेक्षण :** लक्ष्मणदत्त पन्त

**सर्वाधिकार :** © युनेस्को, काठमाडौं / नेपाल पत्रकार महासङ्घ, सन् २०१४

यो पुस्तक खुला पहुँच (ओपन-एक्सेस) मा उपलब्ध छ। आधिकारिक स्रोतका आधार (जस्तो : © युनेस्को, काठमाडौं / नेपाल पत्रकार महासङ्घ) मा यस प्रकाशनको उपयोग, पुनर्वितरण, अनुवाद र साभार गर्नका लागि अनुमति दिइन्छ। स्रोत उल्लेख गर्दा वा पुस्तिकामा प्रकाशित सामग्रीको प्रयोग गर्दा प्रकाशनको वास्तविक स्रोतको सही पहिचान र उल्लेख हुनु अनिवार्य छ।

**आईएसबीएन :** ९७८-९९३७-२-९०२१-०

ISBN: 978 9937 2 9021 0

यस प्रकाशनमार्फत कुनै पनि राज्य, भूभाग, सहर वा क्षेत्र अथवा त्यसका अधिकारीहरू वा त्यस भूभाग तथा क्षेत्रसँग सम्बन्धित कानुनी अवस्थासँग सम्बन्धित रही व्यक्त गरिएका विचारहरू युनेस्को, नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय शान्तिकोष र नेपाल पत्रकार महासङ्घका आधिकारिक विचार होइनन्। यस प्रकाशनमा व्यक्त गरिएका विचारहरू लेखकका विचार हुन्।

**आवरण :** बासुदेव श्रेष्ठ (अल मिडिया सोलुसन)

**लेआउट :** दिपेश स्थापित

# प्राक्कथन

प्रस्तुत पुस्तक युनेस्को, काठमाडौंद्वारा युनाइटेड नेसन्स पीस फन्ड फर नेपाल (युएनपीएफएन) को सहयोगमा सञ्चालित पत्रकार सुरक्षा अभिवृद्धि परियोजना अन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूसँगको छलफलमा नेपाल पत्रकार महासङ्घद्वारा तयार पारिएको "प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड" हो ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको आधारभूत शर्त भयमुक्त वातावरण हो । तर, विडम्बना प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको वकालत बढ्दै गए पनि विश्वभर नै पत्रकारहरू भय र आतङ्कको घेराबाट मुक्त हुन सकेका छैनन् । वर्षेनी सार्वजनिक हुने पत्रकार हत्याका डरलाग्दा तथ्याङ्क र आक्रमणका घटनाले यही यथार्थलाई इङ्गित गरिरहेका छन् । पत्रकारको सुरक्षासम्बन्धी पुस्तकका लेखक पिटर मक्लनटायरका विचारमा अन्तर्राष्ट्रिय पत्रकारहरूको हताहतका घटना चर्चाका केन्द्र बन्ने गरे पनि बढी पीडित र जोखिममा भने स्थानीय पत्रकार नै हुने गर्दछन् । किनभने उनीहरू बाहिरी पत्रकारजस्तो जब समाचार तयार हुन्छ, तब विमान चढेर टाढा उड्न सक्तैनन्, उनीहरूले त्यहीँ रहेर सधैं रिपोर्टिङ गरिरहनुपर्दछ ।

अन्तर्राष्ट्रिय पत्रकार महासङ्घले एक प्रतिवेदनमा उल्लेख पनि गरेको छ - पत्रकारको सुरक्षा भनेको जब गोलीहरू चल्न थाल्छन्, तब मात्र उठ्ने विषय होइन; यो त पत्रकारिताको हरेक पहलुमा सिर्जना हुने समस्या हो । चाहे युद्धग्रस्त क्षेत्र होस् वा खोज पत्रकारिता

गरिरहेको अवस्था या सडकका घटनाको रिपोर्टिङ गरिरहेको अवस्था होस् ।

नेपाली पत्रकारहरू विगतमा डरलाग्दो जोखिमबाट गुज्रिएको इतिहास छ । आज पनि जोखिममुक्त नरहेको तथ्याङ्कले देखाउँछ । यस्तो अवस्थामा पत्रकारमाथि हुने हरेक आक्रमण र धम्कीका घटनाको सुक्ष्म अनुगमन र उनीहरूको सुरक्षा नेपाल पत्रकार महासङ्घको पहिलो चासोको विषय हुनु स्वाभाविक हो । पत्रकार सुरक्षाका दृष्टिले अनुगमन कार्यलाई थप प्रभावकारी तुल्याउन यो पुस्तकले ठोस सहयोग पुऱ्याउने मेरो विश्वास छ । पुस्तकको प्रकाशनका विभिन्न चरणमा योगदान गर्नुहुने सबैलाई हार्दिक धन्यवाद छ । यस पुस्तकको समग्र सुपरिवेक्षण र संयोजन गरी सहयोग पुऱ्याउने युनेस्कोको पत्रकार सुरक्षा कार्यक्रमका संयोजक लक्ष्मणदत्त पन्त तथा पुस्तक तयार गर्ने मिडिया विश्लेषक कुन्दन अर्याल, पत्रकार महासङ्घका महासचिव उजिर मगर र मिडिया अनुगमन विज्ञ समीर घिमिरेलाई विशेष धन्यवाद छ । साथै यस कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । महासङ्घले पत्रकार सुरक्षा र अभिलेखमा यो पुस्तकको अधिकतम् उपयोग हुने विश्वास लिएको छ ।

**डा. महेन्द्र विष्ट**

अध्यक्ष

नेपाल पत्रकार महासङ्घ

२०७१ मङ्सिर

# विषय सूची


प्रेस स्वतन्त्रताको अवस्थाको अनुगमन ........ १

आमसञ्चार माध्यमका अधिकारहरूसम्बन्धी नियमित अनुगमनको प्रयोजन ........ २

आमसञ्चार स्वतन्त्रता अनुगमनका उद्देश्यहरू ........ ४

प्रभावकारी अनुगमनका आवश्यकताहरू ........ ४

स्पष्टिकरण ........ ५

निर्देशिकाको बृहत उद्देश्य ........ ५

खास उद्देश्यहरू ........ ६

निर्देशिका तयारीका निम्ति अपनाइएको विधि ........ ६

विश्वमा प्रेस स्वतन्त्रता अवस्थाको अनुगमनका निम्ति प्रचलित केही मानदण्ड ........ ६

राजनीतिक वातावरण ........ ८

आर्थिक वातावरण ........ ९

रिपोर्टर्स विदाउट बोर्डर्स ........ ९

नेपालको सन्दर्भमा आमसञ्चार अधिकारको अवस्था र पृष्ठभूमि ........ ११

नेपालको सन्दर्भमा उल्लङ्घनका आधारभूत प्रकारहरू ........ १४

घटना विवरण अभिलेख गर्दा ध्यान दिनुपर्ने आधारभूत पक्षहरू ........ १८

सङ्कलन विवरण वा फारमको नमूना ........ २०

सन्दर्भ सामग्री ........ २७

अनुसूची ........ २८

सन्दर्भ सामग्री ........ ३४

# प्रेस स्वतन्त्रताको अवस्थाको अनुगमन

आमसञ्चार माध्यमका अधिकारहरूको विभिन्न प्रकारका उल्लङ्घनलाई संस्थागत ढाँचा र साझा मानदण्डहरूका आधारमा अनुगमन र अभिलेखन गरी व्यवस्थित, वैज्ञानिक र सुस्पष्ट प्रतिवेदन तयार गर्न आवश्यक प्रक्रियालाई समेट्दै यो निर्देशिका तयार गरिएको छ। यसमा नेपालको समग्र भूगोलमा आमसञ्चार माध्यमको अवस्थाका सम्बन्धमा तय गरिएको वैज्ञानिक आधार र प्रक्रियामा आवद्ध भई स्वतन्त्र रूपले सूचनाको सङ्कलन गर्ने कार्यलाई अनुगमनका रूपमा परिभाषित गरिएको छ।

आमसञ्चार माध्यमको सञ्चालन वा पत्रकारहरूको व्यावसायिक अवस्थाका सम्बन्धमा अवलोकन गर्ने वा परिस्थितिलाई नजिकबाट नियाल्ने कामलाई नै यहाँ प्रेस स्वतन्त्रताको अवस्थाको अनुगमनका रूपमा बुझिएको छ। तय गरिएका मानदण्डहरूका आधारमा अवस्थाको समग्र अवलोकन, अभिलेखन र निष्कर्ष तथा सुझावसहितको प्रतिवेदन प्रकाशन समेतका कार्यहरू प्रेस स्वतन्त्रता हननको अनुगमनभित्र पर्दछन्। तर, यो निर्देशिकामा मूलतः प्रेस स्वतन्त्रता उल्लङ्घनका निम्ति जिम्मेवार नीतिगत व्यवस्थाको होइन, हननका घटनाहरूको अनुगमनसम्बन्धी मानदण्डहरू तय गरिएका छन्।

**आमसञ्चार माध्यम विरुद्धका हिंसा (violence) लाई सामान्यतः तीन भागमा विभक्त गर्न सकिन्छ :**

क) शारीरिक हिंसा

ख) मानसिक हिंसा

ग) भौतिक वस्तुमाथिको हिंसा

आमसञ्चार माध्यममाथि गरिने आक्रमणहरूमध्ये सबैभन्दा खतरनाक शारीरिक हिंसा नै हुन्छ। जसअन्तर्गत हत्या, कुटपिट र अङ्गभङ्ग तुल्याइने अवस्थालाई लिइन्छ।

मानसिक हिंसा अन्तर्गत पत्रकारहरूले दुर्व्यवहार, दुरुत्साहन वा सेन्सरसीपको अवस्थाको सामना गर्नुपर्दछ। धम्की यसै अन्तर्गत पर्दछ।

तर, अपहरण, विस्थापन, वेपत्ता र यातनाको सन्दर्भमा पत्रकारहरूले शारीरिक र मानसिक दुवै किसिमका हिंसाको सामाना गर्नुपर्दछ ।

त्यसैगरी पत्रकारिताका साधन वा आमसञ्चार माध्यमका कार्यालय माथि गरिने आक्रमणलाई भौतिक वस्तुमाथिको हिंसाको श्रेणीमा राख्न सकिन्छ ।

आमसञ्चार माध्यम विरुद्धका कतिपय हिंसालाई कानुनी र नैतिक हिंसाको श्रेणीमा पनि राख्न सकिन्छ । अदालतको मानहानी वा कानुनी आधार देखाएर गरिएको गिरफ्तारीलाई यस श्रेणीमा राख्न सकिन्छ । त्यसैगरी पत्रकारलाई निरुत्साहित गर्ने उद्देश्यले अमर्यादित शब्दको प्रयोग गरिएको वा धम्की दिइएको घटनालाई नैतिक हिंसाका रूपमा पनि बुझ्न सकिन्छ ।

यसरी मानव, कार्यालय वा कार्यथलो, साधनमाथिको आक्रमण वा नीतिगत रूपमा थोपरिने हिंसालाई आमसञ्चारमाथिको हिंसा वा आमसञ्चार माध्यमका अधिकारको उल्लङ्घनका रूपमा परिभाषित गर्न सकिन्छ ।

## आमसञ्चार माध्यमका अधिकारहरूसम्बन्धी नियमित अनुगमनको प्रयोजन

आमसञ्चार माध्यमका अधिकार र पत्रकारहरूमाथि भइरहेका विविध किसिमका आक्रमण वा आमसञ्चारका अधिकारको समग्र अवस्थासम्बन्धी नियमित, व्यवस्थित र वैज्ञानिक अनुगमनका निम्ति यो निर्देशिका तयार गरिएको हो । यसले अघि सारेको अवधारणाअनुसारको अनुगमनले आमसञ्चार समुदायलाई सङ्कटको पूर्व चेतावनी मात्र दिँदैन, पूर्व तयारीका निम्ति जनाउसमेत दिन्छ । तथ्यगत आधारमा प्रस्तुत गरिएका समस्याबाट मात्र उपयुक्त समाधान निस्कने हुँदा आमसञ्चार माध्यमका अधिकारसम्बन्धी अनुगमनका निम्ति यसप्रकारको निर्देशिकाको आवश्यकता देखिएको हो ।

संविधान र सम्बन्धित कानुनहरूले आमसञ्चारका अधिकारहरूको प्रत्याभूति गरिएका देशहरूमा समेत सूचनाको प्रवाह विरुद्धका घटनाहरू हुने गरेको देखिन्छ । त्यसैले राज्य र कानुन वहाल गर्ने यसका निकायहरूलाई उत्तरदायी

बनाउँदै पत्रकारहरूको भौतिक सुरक्षाका निम्ति प्रेस स्वतन्त्रताको नियमित, व्यवस्थित र तय गरिएका साझा मानदण्डहरूका आधारमा नियमित अनुगमन गर्नु वान्छनीय हुन्छ । यस प्रक्रियाले राज्यलाई प्रेस स्वतन्त्रता अवस्थामा रेकर्ड सुधार गर्न सघाउ पुग्दछ । अनुगमन प्रक्रियाले राज्य र राज्यका निकायलाई जवाफदेही समेत बनाउँछ ।

प्रेस स्वतन्त्रताको अवस्थाका बारेमा आत्मगत् आलोचना प्रभावकारी हुँदैन । त्यसैले तथ्यगत आधारमा रहेर आलोचना गर्न यस प्रकारको वैज्ञानिक अनुगमन आवश्यक हुन्छ । यस्तो अनुगमनबाट सङ्कलित तथ्याङ्कका आधारमा नै प्रेस स्वतन्त्रताको अवस्था थप बिग्रन नदिन र सञ्चारकर्मीलाई अझ बढी हिंसाको शिकार हुनबाट जोगाउन सघाउ पुग्दछ ।

आमसञ्चार माध्यमको अधिकारका सम्बन्धमा नियमित अनुगमन गरिएको अवस्थामा मात्र पत्रकार र प्रेस स्वतन्त्रताको प्रर्वद्धनका निम्ति कार्यरत अन्य समूहहरूलाई आफ्ना अधिकारको बारेमा जान्ने र अधिकारको दावी गर्ने मौका मिल्दछ । अनुगमनले आमसञ्चार माध्यमका अधिकारहरूको हननका कारणहरू थाहा पाउन सकिन्छ । निश्चित व्यवस्थित मानदण्डका आधारमा गरिएको नियमित अनुगमनले आवश्यक उपचारका निम्ति प्रभावकारी कदम चाल्ने आधार प्रदान गर्दछ ।

पत्रकारको सुरक्षालाई पत्रकारिताको प्राथमिक आवश्यकताका रूपमा स्थापित गर्न आमसञ्चारका अधिकारको नियमित अनुगमन आवश्यक पर्दछ । यस्तो अनुगमन पत्रकारहरूको सशक्तताका निम्ति समेत आवश्यक पर्दछ । अनुगमनका आधारमा प्रशोधन गरिने तथ्य तथ्याङ्कले आमसञ्चार जगतलाई आफ्नो अधिकारप्रति सजग र अधिकारको प्रतिरक्षाका निम्ति जागरुक बनाउँछ । अनुगमनका आधारमा नै सङ्कटमा परेका पत्रकारहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन सकिन्छ । सबैभन्दा महत्वपूर्ण, आमसञ्चार अधिकारसम्बन्धी नियमित अनुगमनले पत्रकारहरूमाथि हुने हिंसाका प्रवृत्ति र परिमाणका बारेमा सुस्पष्ट जानकारी प्रदान गर्दछ । यसरी प्राप्त सूचनामा आधारित भएर नै समस्याको सम्वोधनका निम्ति उपयुक्त रणनीति तर्जुमा गर्न सकिन्छ ।

## आमसञ्चार स्वतन्त्रता अनुगमनका उद्देश्यहरू

आमसञ्चार माध्यमका अधिकारहरूको अवस्थासम्बन्धी नियमित अनुगमनबाट प्राप्त सूचनाका आधारमा चुनौतीहरूका बारेमा यथार्थ स्थितिको जानकारी हुन सक्दछ । यस्तो अनुगमनबाट मात्रै पीडकहरू र उल्लघङ्नका बारेमा यथार्थ जानकारी उपलब्ध हुन सक्दछ । अनुगमनबाट प्राप्त सूचनाका आधारमा नै आमसञ्चार माध्यमका अधिकारको उल्लङ्घनका कारक तत्व, प्रवृत्ति र परिमाणका बारेमा समग्र जानकारी हासिल गर्न सकिन्छ । पत्रकारहरूमाथिको आक्रमणका अधिकांश घटनामा दण्डहीनताको अवस्था देखिंदै आएको छ । यस्तो अवस्थाको अन्त्यका लागि तथ्य र तथ्यगत आधारमा गरिएको अवस्थाको विश्लेषणको वैज्ञानिक प्रस्तुति जरुरी हुन्छ । त्यसैले आमसञ्चारका अधिकारको उल्लङ्घनसम्बन्धी अनुगमनका लागि साझा मानदण्डहरू तय गर्दै तयार गरिएको यो निर्देशिकाले अनुगमनका निम्ति  निम्न वमोजिका उद्देश्य अघि सारिएको छ :

- उल्लङ्घनसम्बन्धी तथ्यगत प्रतिवेदन र अभिलेखिकरण ।
- सत्य निरूपण र सार्वजनिकरण ।
- प्रेस स्वतन्त्रता उल्लङ्घनका प्रवृत्ति र प्रकारहरूको पहिचान ।
- प्रेस स्वतन्त्रता उल्लङ्घनका कारक तत्व एवं उल्लङ्घन कर्ताको पहिचान ।
- उल्लङ्घनका प्रमाणहरूको संरक्षण एवं सुरक्षा ।

## प्रभावकारी अनुगमनका आवश्यकताहरू

आमसञ्चार माध्यमका अधिकारहरूको उल्लङ्घनका सम्बन्धमा व्यवस्थित, वैज्ञानिक र नियमित अनुगमनका निम्ति आवश्यक तयारीका पक्षलाई देहाय वमोजिम सूचीवद्ध गर्न सकिन्छ :

- सुस्पष्ट उद्देश्य
- स्पष्ट कार्यादेश वा विधिको निर्क्योल
- पूर्वकार्य वा अनुसन्धानसम्बन्धी जानकारी सङ्कलन

- सञ्चार समन्वय
- स्थानीय व्यक्तिहरूसँग समन्वय
- सुरक्षा प्रवन्ध
- वस्तुगत विवरण सङ्कलनका निम्ति तटस्थ अनुगमनप्रक्रिया वा वैज्ञानिक र व्यवस्थित संस्थागत ढाँचा

## स्पष्टिकरण :

आमसञ्चार माध्यमका अधिकारहरूको सबै प्रकारका उल्लङ्घनलाई संस्थागत ढाँचा र साझा मानदण्डहरूका आधारमा अनुगमन र अभिलेखन गरी व्यवस्थित, वैज्ञानिक र सुस्पष्ट प्रतिवेदन प्रकाशन गर्न आवश्यक सम्पूर्ण प्रक्रियालाई समेट्दै तयार गरिएको यो निर्देशिकामा आमसञ्चार माध्यमअर्न्तगत विभिन्न माध्यमबाट गरिने पत्रकारितालाई समेटिएको छ । त्यसैले आमसञ्चार स्वतन्त्रता हनन भन्नाले छापा, विद्युतीय वा अनलाइन माध्यमबाट पत्रकारिता गर्ने क्रममा व्यावसायिक कार्य गर्न राज्य वा गैरराज्य पक्षबाट समेत बाधा उत्पन्न गरिएको अवस्थालाई बुझिनेछ । साथै, गैर मुनाफामुखी स-साना स्थानीय सामुदायिक सञ्चार माध्यमको सूचना प्रवाह गर्ने अधिकारको अवस्थाको अनुगमनलाई पनि यस साझा मानदण्ड सहायकमा समेटिएको छ । त्यसैले यसले व्यावसायिक पत्रकारिताका अतिरिक्त सामुदायिक सञ्चारमा काम गर्ने स्वयम्सेवी वा अवैतनिक सञ्चारकर्मीहरूको काम गर्ने अवस्थाको समेत अनुगमन गर्ने उद्देश्य राखेको छ ।

यस निर्देशिकाले प्रेस स्वतन्त्रताको उल्लङ्घनसम्बन्धी विभिन्न स्रोतबाट जानकारीमा आउने घटनाको अनुगमन, स्थलगत अध्ययन, घटना अभिलेखिकरण तथा प्रतिवेदन लेखनसम्बन्धी कार्य सम्पादनका निम्ति आधारहरू तय गर्ने जमर्को गरेको छ ।

## निर्देशिकाको बृहत उद्देश्य :

यस निर्देशिकाले प्रेस स्वतन्त्रताको उल्लङ्घनसम्बन्धी घटनाको अनुगमन र

अभिलेख प्रणालीलाई अझ व्यवस्थित र संस्थागत बनाउन आवश्यक आधारहरू तय गर्नेछ ।

## खास उद्देश्यहरू :

क) निर्देशिकाले नेपालमा हुँदै आएका प्रेस स्वतन्त्रताको उल्लङ्घनसम्बन्धी घटना प्रवृत्तिको मिहिन अध्ययन गरी प्रेस स्वतन्त्रताको उल्लङ्घनसम्बन्धी घटनाको निक्र्योल गर्ने विश्वव्यापी रूपमा सकेसम्म सर्वमान्य र सैद्धान्तिक आधारहरू तय गरी कारवाही गराउन आवश्यक प्रमाणहरूको सुरक्षा जस्ता विषयहरूमा समेत अनुगमनकर्तालाई आवश्यक ज्ञान प्रदान गर्नेछ ।

## निर्देशिका तयारीका निम्ति अपनाइएको विधि

यो निर्देशिका तयारीका क्रममा नेपाल पत्रकार महासङ्घमा रहेको पत्रकारहरूको सुरक्षासम्बन्धी अभिलेखको विश्लेषण गरिएको छ । नेपालमा हुने गरेका प्रेस स्वतन्त्रताको हननसम्बन्धी घटनाका विविध रूप सोही अभिलेखका आधारमा प्रस्तुत गरिएको हो ।

युनेस्कोले सन् २०१४ मा गराएको नेपालमा आमसञ्चार माध्यमका अधिकारको उल्लङ्घनको अनुगमन गर्ने संस्थाहरूमा विद्यमान व्यवस्थासम्बन्धी अध्ययनका निष्कर्षलाई पनि यो निर्देशिकाको आधार मानिएको छ । साथै, प्रेस स्वतन्त्रता हननका घटनाहरूलाई विश्वव्यापी रूपमा कसरी वा कुन-कुन मापदण्डका आधारमा अनुगमन र अभिलेख गर्ने गरिएको छ भन्ने विषयमा पनि अध्ययन गरिएको छ ।

## विश्वमा प्रेस स्वतन्त्रता अवस्थाको अनुगमनका निम्ति प्रचलित केही मानदण्ड

आईफेक्स, फ्रिडम हाउस र रिपोर्टर्स विदाउट बोर्डर्सले विश्वका सबै देशहरूको प्रेस स्वतन्त्रताको अवस्थाको अनुगमन गर्ने गरेका छन् ।

फ्रिडम हाउसले वार्षिक रूपमा आफ्नो अनुगमनलाई प्रेस स्वतन्त्रता सम्बन्धी प्रतिवेदन मार्फत सार्वजनिक गर्ने गरेको छ । अनुगमन एवं प्रतिवेदनका लागि त्यसले अपनाएको सर्वेक्षण विधि (Methodology) का निम्ति २३ वटा प्रश्न समावेश प्रश्नावलीको प्रयोग गर्ने गरिएको छ। प्रश्नावलीलाई तीन भागमा विभक्त गरिएको छ ।

पहिलो भागमा कानुनी वातावरण/अवस्था (Legal environment), दोस्रोमा राजनैतिक अवस्था (Political environment) र तेस्रोमा आर्थिक वातावरणीय अवस्था (Economic environment) रहेका छन् ।

प्रत्येक प्रश्नमा प्रेस स्वतन्त्रता राम्रो रहेको अवस्थामा कम अङ्क र कम स्वतन्त्र रहेको अवस्थामा बढी अङ्क दिएर कूल १०० पूर्णाङ्कमा सम्बन्धित राष्ट्रले प्राप्त गरेको कूल अङ्कको आधारमा सम्बन्धित देशको तह (Rank) निर्धारण गरिन्छ ।

कानुनी वातावरणसँग सम्बन्धित प्रश्नावलीमा समावेश प्रश्नहरूमा देहायका विषय पर्दछन् :

क. संविधान एवं कानुनमा प्रेस स्वतन्त्रताको संरक्षणका लागि भएका प्रावधान र तिनको कार्यान्वयनको अवस्था,

ख. राज्यका दण्डसंहिता, सुरक्षा कानुन र अन्य कानुनले सञ्चारकर्मी वा ब्लगर्सलाई समाचार सङ्कलनमा रोक वा दण्डित गरेको अवस्था भए नभएको,

ग. सरकारी कर्मचारी वा सरकारको आलोचना गरेको कारणबाट गाली वेइज्जती अन्तर्गत मुद्दा चलाउन सक्ने कानुनको विद्यमानता एवं तिनको कार्यान्वयनको अवस्था,

घ. न्यायपालिकाको स्वतन्त्रता र यसले आम सञ्चारमाध्यम संलग्न मुद्दामा निष्पक्षता अपनाएको वा नअपनाएको अवस्था,

ङ. सूचनाको हकसम्बन्धी कानुन भए वा नभएको र भएमा पत्रकारहरूले त्यसको प्रयोग गर्न सकेको वा नसकेको अवस्था,

छ. कुनै व्यक्ति वा व्यावसायिक संस्थाले कुनै प्रकारको अनुचित प्रभाव विना निजी सञ्चारमाध्यम सञ्चालन गर्न सकेको वा नसकेको अवस्था,

ज. सञ्चारमाध्यम नियमनकारी निकायहरूले स्वतन्त्रतापूर्वक काम गर्न सकेको वा नसकेको अवस्था,

झ. पत्रकार बन्न र पत्रकारिता गर्न स्वतन्त्र परिवेश रहेको वा नरहेको अवस्था र व्यावसायिक सङ्गठनहरूले पत्रकारहरूको सरोकार र अधिकारलाई सम्बोधन गर्न स्वतन्त्रतापूर्वक सहयोग गर्न सकेको वा नसकेको अवस्था,

## राजनीतिक वातावरण

१. सञ्चार संस्थाहरूको समाचार र सूचनामूलक सामग्रीहरूमा सरकार र राजनैतिक स्वार्थको असर र प्रभावको परिमाण,

२. सरकारी वा गैरसरकारी स्रोतहरूमा पहुँचमा नियन्त्रण गरिएको वा नगरिएको अवस्था,

३. घोषित (official) वा अघोषित (unofficial ) रूपमा सेन्सरसीप रहे वा नरहेको अवस्था

४. पत्रकारहरूले आफैं बन्देजमा रहेको वा नरहेको अवस्था,

५. विविध विचार समावेश गरिएको निष्पक्ष र स्वस्थ समाचार सामग्रीहरूमा आम जनताको पहुँच रहेको वा नरहेको अवस्था,

६. कुनै प्रकारको दुर्व्यवहार (Harrasment) विना देशी विदेशी पत्रकारहरूले स्वतन्त्र रूपमा समाचार सङ्कलन गर्न पाएको वा नपाएको अवस्था,

७. पत्रकारहरू गैरकानुनी धम्की, हिंसा, राज्य वा गैरराज्य पक्षबाट समाचार

लेखेकै कारणले निर्वासित वा विस्थापित हुन बाध्य भएको वा नभएको अवस्था,

## आर्थिक वातावरण

१. सरकारद्वारा मिडियामाथि नियन्त्रणको अवस्था र यसले विषयवस्तुको विविधतामा प्रभाव पारेको नपारेको अवस्था,

२. मिडियामाथिको स्वामित्व पारदर्शी भए वा नभएको र यसले समाचारको निस्पक्षतामा प्रभाव पारेको वा नपारेको अवस्था,

४. मिडियामा स्वामित्व केन्द्रीकृत (Concentrated) भएको वा नभएको अवस्था,

५. मिडियाले समाचार उत्पादन र वितरणमा अवरोधको सामना गर्नु परेको वा नपरेको अवस्था,

६. मिडिया सञ्चालन गर्न अवाञ्छित रूपमा अत्यधिक खर्च व्यहोर्नुपर्ने अवस्था भए वा नभएको,

७. राज्यका विभिन्न निकायहरूले विज्ञापन र अन्य छुटको वितरणद्वारा सञ्चारमाध्यममा नियन्त्रण गर्न प्रयास गरिएको अवस्था,

८. पत्रकार एवं सञ्चारकर्मीहरूले नियमित पारिश्रमिक पाए वा नपाएको अवस्था,

९. राज्यको समग्र आर्थिक अवस्थाले मिडियाको दिगोपनमा नकारात्मक असर पारेको वा नपारेको अवस्था,

## रिपोर्टर्स विदाउट बोर्डर्स

रिपोर्टर्स विदाउट बोर्डर्सले १ सय ८० देशमा सूचनाको हकको अवस्थाको बारेमा प्रतिवेदन पेश गर्ने गरेको छ। यस प्रतिवेदनमा पत्रकार र समाचार संस्थाले प्राप्त गरेको प्रेस स्वतन्त्रताको परिमाण र सरकारबाट यस अधिकारको सम्मानको लागि भएको प्रयासहरू प्रतिविम्वित हुन्छन्।

रिपोर्टर्स विदाउट बोर्डर्सका साझेदार संस्थाहरू, यसका सञ्जालमा रहेका विश्वभरिका डेढ सय संवाददाताहरू, पत्रकारहरू, अनुसन्धानकर्ताहरू र मानवअधिकार कार्यकर्ताहरूलाई पठाइएको प्रश्नावलीबाट प्राप्त उत्तरका आधारमा प्रतिवेदन तयार गर्दछ ।

रिपोटर्स विदाउट बोर्डर्सले प्रेस स्वतन्त्रता हननका विविध घटनाहरू (जस्तैः पत्रकारहरूको गिरफ्तारी, हत्या, अपहरण, विस्थापन, भौतिक आक्रमण र सेन्सरसम्बन्धी) का सम्बन्धमा तथ्यगत जानकारी विश्वका सबै देशहरूबाट सङ्कलन गर्दछ ।

**प्रश्नावली गुणात्मकका अतिरिक्त सङ्ख्यात्मक तथ्याङ्कसमेत सङ्कलन गर्ने गरी तयार गरिएको हुन्छ । मानदण्डहरू यसप्रकार छन् :**

क. नियन्त्रणको परिमाण (Degree of Censorship)

ख. सम्पादकीय स्वतन्त्रतामाथि सरकारी हस्तक्षेप

ग. सरकारी निकायमा पारदर्शिता

घ. कानुन र यसको प्रभावकारीता

ङ. मिडिया स्वामित्वको अवस्था

च. सरकारी विज्ञापन र सुविधा वितरणमा विभेद

छ. पत्रकारिता तालिमको पहुँचमा विभेद

**समग्रमा प्रश्नावली देहाय वमोजिमका कूल ६ वटा मापदण्डमा आधारित हुन्छ :**

१. बहुलवादको अवस्था

२. मिडियाको स्वतन्त्रता

३. स्वतन्त्रताको समग्र वातावरण र बन्देजको अवस्था

४ कानुनी संरचना

५ पारदर्शिता

६ पूर्वाधार

## नेपालको सन्दर्भमा आमसञ्चार अधिकारको अवस्था र पृष्ठभूमि

कालीकोट जिल्ला लालु गाविस-४ का ३० वर्षीय रमेश रावल समाचार लेखेकै कारण विभिन्न पक्षबाट बेला बेलामा आउने धम्कीले गर्दा मानसिक तनाव व्यहोरिरहेका थिए । नेपाल पत्रकार महासङ्घ र इन्सेकको छुट्टाछुट्टै स्थलगत अध्ययनको प्रतिवेदनमा जनाइएअनुसार विश्वकप फुटबलको अन्तिम दिन ०७१ असार २९ गते जिल्लामा विद्युत नभएका कारण जेनेरेटरबाट फुटबलको अन्तिम खेल हेर्न उनी आफू कार्यरत 'हाम्रो कर्णाली खबर दैनिक'का प्रकाशक हस्तबहादुर बमको घरमा गएका थिए । राती डेढ बजे, फुटबल हेरेर प्रकाशकको घरबाट आफ्नो कोठा फर्कदै गरेको अवस्थामा उनलाई फोन आयो, "केही अपरिचित व्यक्तिले कोठामा घेरा हालेका छन् ।" (इन्सेक, २०७१) यो खबर सुनेर उनी निवास गएनन् । त्यसपछि उनले जिल्ला नै छाडे । नेपाल पत्रकार महासङ्घको निरन्तरको पहल पश्चात उनी जिल्लामै पुनस्थापित हुने अवस्था बन्यो ।

नेपालमा प्रायः हुने प्रेस स्वतन्त्रता हननका घटनामध्ये यस प्रकारको विस्थापन नौलो होइन । पञ्चायतकालदेखि आजसम्म नेपालका पत्रकारहरूले पक्राउ, कुटपिट, हत्या र विस्थापनजस्ता प्रेस स्वतन्त्रता हननका घटनाहरूको सामना गर्दै आउनु परेको छ । पत्रकारको अपहरण, आमसञ्चार प्रतिष्ठान वा कार्यथलोमा गरिने अवरोध वा आक्रमण र पत्रकारका साधनको लुटपाट वा कब्जाजस्ता घटनामा पत्रकारहरूको अधिकारको उल्लङ्घन भइरहेको छ । आमसञ्चार माध्यमबाट कुनै समाचार वा जानकारी सार्वजनिक नहोस् भन्ने अभिप्रायले वा कतिपय अवस्थामा आमसञ्चार माध्यमले कुनै सामग्री सार्वजनिक गरेको प्रतिक्रिया स्वरूप यस्ता आक्रमणका घटना हुने गरेको देखिन्छ ।

प्रेस स्वतन्त्रताको हननसम्बन्धी धेरै प्रकारका घटनालाई सामान्यतः आक्रमण भन्ने गरेको पाइन्छ । त्यसरी हेर्दा आक्रमण बृहत् र बहुअर्थी शब्दका रूपमा प्रयुक्त भइरहेको देखिन्छ । युनेस्कोका लागि सन् २०१३ मा गरिएको एक अध्ययन (अधिकारी, २०१४) मा प्रेस स्वतन्त्रता हननका सम्बन्धमा अभिलेख गरिरहेका संस्थाहरूबीच घटनाहरूलाई परिभाषित गरिने शब्दावलीहरूमा

मतैक्यता कायम गर्दै साझा संस्थागत ढाँचा विकसित गर्न आवश्यक रहेको निष्कर्ष निकालिएको छ । उक्त प्रतिवेदनमा सरकारी र गैरसरकारी समेत गरी नेपालका १२ वटा सङ्घसंस्था आमसञ्चार माध्यमका अधिकारको हननको अनुगमन, अभिलेख र सम्वोधनमा समेत सम्लग्न रहँदै आएको जनाइएको छ । त्यस अतिरिक्त ९ वटा संस्थाहरूले समग्र मानवअधिकार उल्लङ्घनको अनुगमन गर्ने क्रममा आमसञ्चार माध्यमका अधिकारको उल्लङ्घनका सम्बन्धमा पनि अनुगमन गर्ने गरेको प्रतिवेदनमा जनाइएको छ । उक्त प्रतिवेदनका अनुसार दुई वटा अन्तराष्ट्रिय संस्थाहरूले पनि नेपालको प्रेस स्वतन्त्रता हननका घटनाहरूको अनुगमन गरिरहेका छन् । युनेस्कोका निम्ति गरिएको उक्त अध्ययनका क्रममा नेपालमा कूल २३ वटा संस्थाहरूले प्रेस स्वतन्त्रता हननका विषयमा अनुगमन गरिरहेको फेला परेको थियो । तर, अधिकांश संस्थाहरूमा व्यवस्थित र कार्यक्षेत्र तोकिएको संस्थागत ढाँचा भने पाइएन ।

पञ्चायत कालमा पत्रकारहरूमाथि दमन हुने वा उनीहरूको धरपकड् हुने कुरा सामान्य जस्तै बनेको थियो । पत्रकारहरूको गिरफ्तारी र पत्रपत्रिकाको दर्ता खारेज त्यस वखतका सामान्य घटना थिए । हुँदाहुँदा, ०४३ भदौ २१ गते बिहान ३ बजे बानेश्वर, काठमाडौंमा आफ्नै निवासमा सुतिरहेको अवस्थामा साप्ताहिक विमर्शका अतिथि सम्पादक पदम ठकुराठीमाथि गोली नै प्रहार गरिएको थियो (ठकुराठीमाथि, २०४३) । विदेशमा लगेर समेत उपचार गरिएपछि मात्र उनी बाँचेका थिए ।

नेपाल पत्रकार महासङ्घ (वि.सं. २०६०: ३) का अनुसार २०५८ साल मङ्सिर ११ गतेदेखि २०५९ साल भदौ १२ गतेसम्मको सङ्कटकालको अवधिमा पत्रपत्रिका वा रेडियो र टेलिभिजन कार्यालयमा हस्तक्षेप, पत्रकारहरूको हत्या र अपहरण, पत्रिकाका संसाधनको तोडफोड, पत्रकारको अपहरण, पत्रकारको गिरफ्तारी र वेपत्ता, गैरकानुनी थुनछेक र अन्य दुर्व्यवहारका श्रृङ्खला ठूलो परिमाणमा अभिलेखमा आए ।

गाउँले र वानियाँ (२००७ :२) का अनुसार ११ वैशाख २०६३ देखि १० वैशाख २०६४ सम्मको एक वर्षको अवधिमा ६९ जना पत्रकारहरू ठूला साना यातना

र कुटपीटको शिकार भए । इक्वेल एक्सिस (२०१२: १) सन् २०११ लाई केलाउँदै भन्दछ, भौतिक सुरक्षा नेपाली प्रेस जगतले भोगेको ठूलो समस्या हो । त्यस वर्ष पनि पत्रकारको शङ्कास्पद मृत्यु, आक्रमण, धम्की, दुर्व्यवहार, पक्राउ, अपहरण, पत्रपत्रिकाको आगजनी, सञ्चार संस्थामा आक्रमण, हस्तक्षेप, सवारी साधनमा आक्रमणजस्ता घटना अभिलेखन गरिएका थिए । नेपालका पत्रकारले गैरराज्य पक्ष वा सङ्गठित गिरोहद्वारा प्रकाशन वा प्रसारणलाई प्रभावित तुल्याउन विभिन्न वाधा तेर्स्याइएका घटनाको पनि सामना गर्नुपरेको छ ।

विष्ट (२०७० :३६८) का अनुसार, नेपालमा लोकतन्त्र स्थापना पश्चात् सात वर्षको अवधीमा ८ जना पत्रकार तथा सञ्चार उद्यमीको हत्या भएको छ । कुल १ हजार २९२ वटा प्रेस स्वतन्त्रता हननका गम्भीर घटना भएका छन् । भौतिक असुरक्षाकै कारण सूचनाको पहुँच र प्रसारण/वितरणमा अवरोध हुनुका साथै पत्रकार र सञ्चार माध्यमहरूमा भयको वातावरण सिर्जना भई स्वनियन्त्रणको स्थिति देखापरेको छ, जसले प्रेस स्वतन्त्रताको उपभोगमा गम्भीर असर पारेको पाइएको छ ।

नेपाली पत्रकारलाई निर्भिकतापूर्वक व्यावसायिक धर्म निर्वाह गर्न सक्ने वातावरण प्रदान गर्न यस्ता विविध प्रकारका घटना हुन नदिने अवस्था सिर्जना गर्न जरुरी छ । त्यसका लागि एउटा रणनीति भनेको प्रेस स्वतन्त्रता हननका घटनाको प्रभावकारी अनुगमन र अभिलेखन पनि हो । अभिलेखनलाई व्यवस्थित, वैज्ञानिक र बढी प्रमाणिक बनाउन अभिलेखमा सम्लग्न संस्थाहरूबीच अभिलेखका निम्ति साझा आधार तय गर्न आवश्यक देखिन्छ ।

आम सञ्चारमाध्यमको अधिकार उल्लङ्घनका सम्बन्धमा विश्वका विभिन्न संस्थाहरूले अनुगमन गर्ने गरेका छन् । रिपोर्टर्स विदाउट वोर्डर्स (२०१४) ले आमसञ्चार माध्यमको स्वतन्त्रता उपर हुने सबै प्रकारका आक्रमणबारे जानकारी हासिल गर्ने मात्र होइन्, सूचनाको पुष्टि-पुनर्पुष्टि गर्ने कार्यविधिसमेत तय गरेको छ। जनतालाई सुसूचित गर्ने र आफै सुसूचित हुने आमसञ्चार माध्यमको अधिकारको सम्मान नगर्ने सरकार उपर दवाव सिर्जना गर्न उक्त संस्थाले आधिकारिक निकायहरूमा विरोध पत्रहरू सम्प्रेषण गर्ने गर्दछ । रिपोर्टर्स

विदाउट बोर्डर्सले पीडित पत्रकारहरूका तर्फबाट कारवाही अघि बढाउने अभिप्रायका साथ आमसञ्चार माध्यमलाई परिचालित गराउन प्रेस विज्ञप्ति पनि जारी गर्ने गरेको छ ।

राष्ट्रिय संस्थाहरूका अतिरिक्त नेपालमा हुने गरेका प्रेस स्वतन्त्रता हननका सम्बन्धमा अन्तर्राष्ट्रिय संस्थाहरूले पनि अनुगमन गर्ने गरेका छन् । तर, अनुगमनका सम्बन्धमा सक्रिय र व्यवस्थित संयन्त्र, हननका स्वरूपका सम्बन्धमा एकरूपता र सुस्पष्ट मानदण्डहरू विकसित गर्न भने आवश्यक देखिन्छ । नेपालमा हुने गरेको प्रेस स्वतन्त्रता हननका घटनाहरूको फेहरिस्त र प्रकृतिको अध्ययन अनि अन्तर्राष्ट्रिय प्रकृतिका कतिपय घटनाको सूचीका आधारमा अनुगमनका निम्ति साझा मानदण्ड तयार गर्न एक निर्देशिका आवश्यक छ ।

राष्ट्रिय अन्तराष्ट्रिय संस्थाहरूले गर्दै आएको अनुगमनलाई नेपालका सन्दर्भमा अझ प्रभावकारी बनाउने अभिप्रायले आमसञ्चार माध्यमका अधिकार वा स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी यो निर्देशिका तयार गरिएको हो ।

## नेपालको सन्दर्भमा उल्लङ्घनका आधारभूत प्रकारहरू

नेपालमा देखा पर्ने आमसञ्चार माध्यमका अधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूलाई विश्वव्यापी रूपमा स्थापित मानदण्डका आधारमा देहाय वमोजिम विभाजन गर्न सकिन्छ :

**मृत्यु (Death) :** कुनै पनि पत्रकार वा सञ्चारकर्मीको हत्या वा शङ्कास्पद मृत्युको विस्तृत कारण त पछि पत्ता लाग्न सक्छ । तर, त्यस्तो घटनालाई सुरुवातमा आमसञ्चार माध्यमको अधिकारको हननका रूपमा नै अनुगमन गरिनु जरुरी हुन्छ । त्यसैले दुर्घटनाबाट भएको मृत्युलाई पनि सुरुवातमा शङ्कास्पद मृत्यु उपशीर्षकमा अनुगमन गरी सान्दर्भिक र आवश्यक तथ्यहरूको खोजी गर्न आवश्यक हुन्छ ।

सञ्चारकर्मीको मृत्यु वा हत्यालाई निम्न वमोजिमका तीनमध्ये एक श्रेणीमा

राख्न सकिन्छ :

क) लक्षित हत्या (Targeted Killing)

ख) शङ्कास्पद मृत्यु (Suspicious Death)

ग) भवितव्य (Accidental Death)

**पक्राउ (Arrest) :** प्रहरीद्वारा पक्राउ पुर्जी दिएर वा अदालतबाट आदेश लिएर रितपूर्वक गरिएको गिरफ्तारी मात्र होइन, नेपालका पत्रकारहरू कानुनी रित नपुऱ्याई प्रहरीद्वारा गरिने स्वेच्छाचारी गिरफ्तारीको समेत शिकार हुने गरेका छन् । कतिपय अवस्थामा सञ्चारकर्मीलाई सुरक्षाकर्मीले अल्पकालका निम्ति नियन्त्रणमा राखी व्यावसायिक कर्तव्य निर्वाह गर्नबाट वञ्चित गरिएको पनि देखिएको छ । कतिपय अवस्थामा सुरक्षाकर्मीको नियन्त्रणमै सञ्चारकर्मीलाई भौतिक वा मानसिक यातना दिने गरेकोसमेत पाइएको छ । त्यसैगरी पत्रकारहरूलाई कुनै कानुन वमोजिम कारवाही गरी जेल चलान गर्ने गरिएको समेत देखिन्छ ।

तसर्थः नेपालमा पत्रकारहरूको गिरफ्तारीलाई निम्न वमोजिमका पाँचमध्ये एउटा श्रेणीमा अभिलेख गर्न सकिन्छ :

क) स्वेच्छाचारी गिरफ्तारी (Arbitrary Arrest)

ख) गिरफ्तार गरी हिरासतमा राखिएको (Custody)

ग) जेल चलान (Jailed)

घ) अल्पकालीन नियन्त्रण (Held for some time)

ङ) यातना सहित नियन्त्रणमा (भौतिक र मानसिक) (Tortured)

**वेपत्ता (Missing) :** सञ्चारकर्मीलाई राज्य वा गैरराज्य दुवै पक्षबाट वेपत्ता पारिएको देखिन्छ । सुरक्षाकर्मीले लिएर गई वेपत्ता पारिएको घटनालाई जवर्जस्ती वेपत्ताको श्रेणीमा राख्न सकिन्छ भने अपराधिक समूह वा राजनीतिक नाराका साथ विद्रोहमा ओर्लिएको समूहले त्यसरी वेपत्ता पारेको अवस्थालाई बेखवरको श्रेणीमा राख्न सकिन्छ । कतिपय अवस्थामा पत्रकारलाई सरकारइतर वा गैरराज्य समूहले अपहरण गरेको जिम्मेवारी लिने गरेको पाइन्छ । कतिपय अवस्थामा पत्रकार कुनै खास समूह वा गिरोहद्वारा अपहरित भएको पनि

जानकारीमा आएको हुन्छ । त्यस्तो अवस्थामा घटनालाई अपहरण उपशीर्षकमा अभिलेख गर्नु उपयुक्त हुन्छ ।

तसर्थ वेपत्तालाई देहायमध्ये कुनै एउटा श्रेणीमा अभिलेखन गर्न सकिन्छ :

क) वेखबर (Aknown Whereabout)

ख) जवर्जस्ती वेपत्ता (Inforced Dissapearenc)

ग) अपहरण (Abduction)

**कब्जा (Seizure) :** यस शीर्षक अन्तर्गत विभिन्न उपशीर्षक राख्न आवश्यक देखिन्छ । क्यामेरा, रेकर्डर वा अन्य त्यस्तै सञ्चारकर्मीका साधन वा आमसञ्चार माध्यमको कार्यालयमा कब्जा जमाइएको घटनालाई यसै शीर्षक अन्तर्गत राख्न सकिन्छ । यसअन्तर्गत आमसञ्चार संस्थालाई नियन्त्रणमा लिइएका वा प्रकाशन वा प्रसारणलाई अवरुद्ध गरिएका घटनालाईसमेत बेग्लाबेग्लै उपशीर्षकमा अभिलेख गर्नु उपयुक्त हुन्छ । आमसञ्चार माध्यमका कार्यालय वा समाचार कक्षको काममा बाधा पुग्ने गरी आयोजना गरिएको धर्ना वा त्यस्तै कुनै गतिविधि वा सरकारी निकायले कायम गरेको नियन्त्रणको घटनालाई संस्था नियन्त्रण उपशीर्षक अन्तर्गत समेट्नु उपयुक्त हुन्छ । त्यसैगरी, धर्ना र प्रकाशन वा प्रसारण कार्यमा वाधा उत्पन्न गर्ने कार्य वा आमसञ्चार माध्यमको नियमित कार्य सञ्चालनमा वाधा तेर्स्याइएको घटनालाई सञ्चार संस्था अवरुद्ध उपशीर्षक अन्तर्गत समेट्न सकिन्छ । त्यस्तै, साधन लुटपाट उपशीर्षक अन्तर्गत क्यामेरा, रेकर्डर वा अन्य साधन खोसेर फिर्ता नगरिएको घटनालाई साधन लुटपाट उपशीर्षकमा समेट्नु उपयुक्त हुन्छ । पत्रकारलाई गाली गलौज र दुर्व्यवहार गर्दै वा केही नभनी सोझै गरिएको कुटपिट वा हातपातको घटनालाई चोटपटक उपशीर्षक अन्तर्गत अभिलेखन गर्न सकिन्छ । त्यसैगरी हत्याको प्रयास गरिएको घटनालाई ज्यान मार्ने उद्योग उपशीर्षक अन्तर्गत समेट्न सकिन्छ ।

तसर्थ कब्जा शीर्षक अन्तर्गत देहाय वमोजिमका उपशीर्षकहरूमा सूचना सङ्कलन गर्न सकिन्छ :

क) जफथ (Confiscation)
ख) साधन लुटपाट (Robbery)
ग) संस्था नियन्त्रण (Taken Under Control)
घ) सञ्चार संस्था अवरुद्ध (Obstruction)
ङ) प्रकाशन, प्रसारण वा वितरणमा अवरोध (Obstruction to Distribution of Products)

**आक्रमण (Attack) :** यस शीर्षक विभिन्न उपशीर्षकमा विविध किसिमका आक्रमणका घटनालाई समेट्न सकिन्छ । पत्रपत्रिका वा आमसञ्चार संस्थामा आगो लगाउनेजस्ता कृयाकलापलाई आगजनी उपशीर्षकमा टिप्न सकिन्छ ।

देहाय वमोजिमका पाँच शीर्षकहरूमा आक्रमणका घटनाको अभिलेख गर्न सकिन्छ :

क) हत्या प्रयास (Attempt to Murder)
ख) अङ्गभङ्ग (Impair)
ग) चोटपटक Injury and Fatal injury)
ङ) आगजनी (Arsen)

**लैङ्गिक हिंसा (Gender Violence) :** खासगरी महिलामाथि हुने (पुरुषमाथि वा लैंगिक अल्पसंख्यक अन्यमाथि भयो भने पनि यही शीर्षक अन्तर्गत समेटिनुपर्छ ) यौनजन्य हिंसालाई यस शीर्षक अन्तर्गत समेट्न सकिन्छ । यस शीर्षक अन्तर्गत घटनाको प्रकृति हेरी देहाय वमोजिमका उपशीर्षकहरूमा घटनाको अभिलेख गर्नु उपयुक्त हुन्छ :

क) बलात्कार (Rape)
ख) बलात्कार प्रयास (Attempt to Rape)
ग) यौनजन्य दुर्व्यवहार (Sexual Harrasment)

**धम्की (Threat) :** धम्कीलाई मानसिक यातनाका रूपमा पनि परिभाषित गर्ने गरिएको पाइन्छ । 'यस्तो परिणाम भोग्नु पर्नेछ' वा 'अन्यथा यस्तो हुनेछ'

भन्ने त्रास देखाउनु नै धम्की हो । तर, धम्कीका प्रकृति फरक-फरक हुन्छ । अपशब्दको प्रयोग गर्दै मर्यादामा आँच पुऱ्याउनुलाई पनि धम्कीकै एउटा प्रकारका रूपमा लिन सकिन्छ । त्यसैले प्रकृतिअनुसार देहाय वमोजिमका उपशीर्षकमा धम्कीका घटनालाई समेट्नु उपयुक्त हुन्छ :

क) ज्यान मार्ने धम्की (Threat to Life)
ख) अंगभंग पार्ने धम्की (Threat to Limb)
ग) मानसिक त्रास (Psycological Threat)
घ) आर्थिक त्रास (Threat to be displaced from job)
ङ) गाली गलौज (Slander)

**विस्थापन (Displacement) :** यो निर्देशिकाको प्रयोजनका लागि सञ्चारकर्मीले आफ्नो कार्यथलोलाई छोड्नु परेको अवस्थालाई विस्थापनका रूपमा परिभाषित गरिएको छ । विश्वव्यापी रूपमा पनि सञ्चारकर्मीको विस्थापनलाई यसै रूपमा बुझ्ने गरिएको छ ।

**पेशागत असुरक्षा (Professional Insecurity) :** आर्थिक अधिकार वा नीतिगत व्यवस्थासँग सम्बन्धित सञ्चारकर्मीहरूलाई निरुत्साहित तुल्याउने पेशागत असुरक्षाका घटनालाई देहाय वमोजिम तीन श्रेणीमा विभाजन गर्न सकिन्छ -

पेशागत असुरक्षाका घटनालाई देहायवमोजिमका उपशीर्षकमा अभिलेख गर्नु उपयुक्त हुन्छ :

क) रोजगारीबाट वेदखल (Deprived of Employment)
ख) न्यूनतम पारिश्रमिकबाट समेत वञ्चित (Deprived of Minimum Wages)
ग) कामबाट वञ्चित (Deprived of Duty)

## घटना विवरण अभिलेख गर्दा ध्यान दिनुपर्ने आधारभूत पक्षहरू

आमसञ्चार माध्यमको अधिकार विरुद्धका घटनाको अनुगमन गर्दा हिंसाको शिकार भएका सञ्चारकर्मी, ती सञ्चारकर्मी आवद्ध संस्थाको ठेगाना, त्यहाँ उनको जिम्मेवारी र उनको निकटतम् आफन्तको विवरणलाई आधारभूत सूचना मानिन्छ । त्यसैगरी, उल्लङ्घनको क्रमाङ्गत विवरण अर्को आधारभूत पक्ष हो । घटनाका कोही प्रत्यक्षदर्शी छन् कि छैनन् भन्ने बुझेर छन् भने जतिजना छन् सकेसम्म बढीको विवरण र घटना वर्णन टिप्नु जरुरी हुन्छ । उल्लङ्घनकर्ताका सम्बन्धमा पनि सकेसम्म बढी सान्दर्भिक सूचना सङ्कलन गर्न आवश्यक हुन्छ । अर्को महत्वपूर्ण पक्ष भनेको हिंसाको सम्भावित कारण नै हो ।

त्यसैले देहाय वमोजिमका सूचना समेटिने गरी अभिलेख गर्न आवश्यक हुन्छ :

क) उल्लङ्घनको शिकार भएका पत्रकारको व्यक्तिगत विवरण (नाम, ठेगाना, निकटतम् आफन्तको विवरण, फोन नम्बर आदि)

ख) उल्लङ्घनको शिकार भएका पत्रकारको व्यावसायिक विवरण (संस्थागत आवद्धता, जिम्मेवारी, कार्यथलो, फोन नम्बर आदि)

ग) उल्लङ्घनको विवरण क्रमाङ्गत रूपमा (उल्लङ्घनको प्रकार, उल्लङ्घन भएको स्थान, समय, मिति आदि)

घ) प्रत्यक्षदर्शी भए नाम, ठेगाना, फोन नम्बर आदिसहित घटना वर्णन

ङ) उल्लङ्घनकर्ताको विवरण (नाम, संस्थागत आवद्धता, संख्या वा अन्य थप विवरण, पहिचान आदि)

च) उल्लङ्घनको सम्भावित तत्कालीन कारण (पत्रकारको कुन कामसँग

सम्बन्धित हुन सक्छ ?, छापामाध्यम भए छापिएको सामग्रीको प्रतिलिपी र प्रसारण माध्यम भए सीडी समेत सम्लग्न गरी विवरण प्रस्तुत गर्ने)

## सङ्कलन विवरण वा फारमको नमूना

**नेपाल पत्रकार महासङ्घद्वारा प्रस्तावित प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचा**

# प्रेस स्वतन्त्रता उल्लङ्घन घटना सङ्कलन फाराम

(**यो घटना सङ्कलन फारामले प्रेस स्वतन्त्रताको उल्लङघनसम्बन्धी घटनाको उल्लघनका प्रकार, सहयोग संयन्त्र तथा अनुगमन विधि  अभिलेख प्रणालीबारे घटनामा पीडित तथा मिडिया अधिकारकर्मीहरूले यथार्थ सूचना र विवरण प्राप्त गर्नेछन्** )

**१. प्रेस स्वतन्त्रताको उल्लङ्घनसम्बन्धी घटनामा पीडित पत्रकारको व्यक्तिगत विवरण**

१.०१ नाम : जन्म मिति : उमेर :

१.०२ लिङ्ग : १. महिला २. पुरुष ३. अन्य

१.०३ राष्ट्रियता :

१.०४ ठेगाना : १. जिल्ला : २. गाविस/नपा :
३. वडा : ४. टोल :

१.०५ आवद्ध मिडिया

१.०६ पद

## २. प्रेस स्वतन्त्रताको उल्लङ्घनसम्बन्धी घटना विवरण

२.०१ घटना भएको मिति : समय :

२.०२ घटनाको किसिम (सञ्चारकर्मीको अधिकार उल्लङ्घनको किसिम) :

**१. मृत्यु (Death) :**

क) लक्षित हत्या (Targeted Killing)

ख) शङ्कास्पद मृत्यु (Suspicious Death)

ग) भवितव्य (Accidental Death)

**२. पक्राउ (Arrest) :**

क) स्वेच्छाचारी गिरफ्तारी (Arbitrary Arrest)

ख) गिरफ्तार गरी हिरासतमा राखिएको (Custody)

ग) जेल चलान (Jailed)

घ) अल्पकालीन नियन्त्रण (Held for some time)

ङ) यातनासहित नियन्त्रणमा (भौतिक र मानसिक) (Tortured)

**३. वेपत्ता (Missing) :**

क) वेखबर (Aknown Whereabout)

ख) जवर्जस्ती वेपत्ता (Inforced Dissapearance)

ग) अपहरण (Abduction)

**४. कब्जा (Seizure) :**

क) जफथ (Confiscation)

ख) साधन लुटपाट (Robbery)

ग) संस्था नियन्त्रण (Taken Under Control)

घ) सञ्चार संस्था अवरुद्ध (Obstruction)

ङ) प्रकाशन, प्रसारण वा वितरणमा अवरेध (Obstruction to Distribution of Products)

**५. आक्रमण (Attack):**

क) हत्या प्रयास (Attempt to Murder)

ख) अङ्गभङ्ग (Impair)

ग) चोटपटक (Injury and Fatal injury)

घ) आगजनी (Arsen)

**६. लैङ्गिक हिंसा (Gender Violence) :**

क) बलात्कार (Rape)

ख) बलात्कार प्रयास (Attempt to Rape)

ग) यौनजन्य दुर्व्यवहार (Sexual Harrasment)

**७. धम्की (Threat) :**

क) ज्यान मार्ने धम्की (Threat to Life)

ख) अंगभंग पार्ने धम्की (Threat to Limb)

ग) मानसिक त्रास (Psycological Threat)

घ) आर्थिक त्रास (Threat to be displaced from job)

ङ) गाली गलौज (Slander)

**८. विस्थापन (Displacement) :**

**९. पेशागत असुरक्षा (Professional Insecurity) :**

क) रोजगारीबाट वेदखल (Deprived of Employment)

ख) न्यूनतम पारिश्रमिकबाट समेत वञ्चित (Deprived of Minimum Wages)

ग) कामबाट वञ्चित (Deprived of Duty)

**२.०३.** घटना घटेको स्थान :

१. जिल्ला : २. गाविस/नपा :

३. वडा : ४. टोल :

**२.०४.** घटनास्थलको किसिम :

**२.०५.** पीडक सङ्ख्या १. महिला .......... २. पुरुष ..........

**२.०६.** पीडित पत्रकारले पीडकलाई चिनेको छ ?

१. छ २. छैन ३. देखेपछि चिन्ने

**२.०७.** पीडकको चरित्र झल्काउने खालको परिचय :

१. ........................................................................................

२. ........................................................................................

३. ........................................................................................

**२.०८.** घटना हुनुको कारण :

## ३. पीडक/मतियार

**३.०१.** पीडक/मतियारको किसिम (पेशा) :

| | |
|---|---|
| १. कृषक | ७. व्यवसायी |
| २. सरकारी कर्मचारी | ८. वकिल |
| ३. गैरसरकारी कर्मचारी | ९. शिक्षक |
| ४. निजी संस्थाका कर्मचारी | १०. प्राध्यापक |
| ५. राजनीतिककर्मी | ११. सामान्य व्यक्ति |
| ६. सेना/प्रहरी | १२. अन्य (खुलाउने)......................... |

**३.०२.** नाम : जन्म मिति/उमेर :

**३.०३.** लिङ्ग : १. महिला २. पुरुष ३. तेस्रो लिङ्गी

**३.०४.** राष्ट्रियता :

**३.०५.** ठेगाना : १. जिल्ला : २. गाविस/नपा :

३. वडा : ४. टोल :

**३.०६.** जाति :

*(पीडक सङ्ख्या एक जनाभन्दा बढी भएमा सादा कागज थप गरी माथिकै अनुसार भर्नुहोला)*

## ४. घटनाको कानुनी पक्ष

**४.०१.** घटनाको बारेमा कसैलाई उजुरी/सूचना गरेको छ ?

१. छ २. छैन

**४.०२.** छ भने कसलाई ?

१. प्रहरी/प्रशासन/अदालत
२. साथी/इष्टमित्र
३. नेपाल पत्रकार महासङ्घ
४. परिवार
५. आफू काम गर्ने स्थान
६. गैरसरकारी संस्था
७. अन्य (खुलाउने) ..........................

**४.०३.** घटनास्थलको निरीक्षण गरेको छ ?

१. छ    २. छैन (खुलाउने) ..........................

**४.०४.** छ भने कसले ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**४.०५.** घटनासँग सम्बन्धित व्यक्तिहरूको स्वास्थ्य परीक्षण गरिएको छ ।

१. छ    २. छैन    ३. थाहा छैन (खुलाउने) .................

**४.०६.** घटनासँग सम्बन्धित तस्वीर छ/छैन ?

१. छ    २. छैन    ३. थाहा छैन (खुलाउने) .................

**४.०७.** अन्य दसी प्रमाण भए सोको विवरण :

१. ..........................................................................................

२. ..........................................................................................

३. ..........................................................................................

**५.०१. पीडितलाई परेको असर**

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## ६. सूचना दिनेको विवरण : (पीडित वाहेक अन्य भए)

**६.०१.** व्यक्तिको नाम :

**६.०२.** लिङ्ग : १. महिला २. पुरुष ३. अन्य

**६.०३.** सम्पर्क ठेगाना : फोन नं.

**६.०४.** पेशा :

**६.०५.** १. आवद्ध संस्था : २. पद :

**६.०६.** सूचना सम्प्रेषण गरेको मिति :

**६.०७.** घटनाको उजुरी/सूचना गरेको स्थान :

१. सदरमुकाम

२. गाउँ

३. सहर/पायक पर्ने नजिकको हाटबजार

४. सङ्घ/संस्थाका कर्मचारीहरू

५. प्रहरी

६. गा.वि.स. कार्यालय

## ७. साक्षी/प्रत्यक्षदर्शी

नाम लिङ्ग

सम्पर्क ठेगाना

घटनाका पक्षहरूसँगको सम्बन्ध

भनाई

## ८. घटना सङ्कलक

**८.०१.** नाम : फोन नं. :

हस्ताक्षर :

**८.०२.** आवद्ध संस्था ठेगाना :

**८.०३.** सम्पर्क ठेगाना :

**८.०४**. घटना सङ्कलन गरेको मिति :

**८.०५**. घटना सङ्कलनको माध्यम :

प्राथमिक स्रोत

१. व्यक्तिले स्वयम् आएर टिपाएको　　२. टेलिफोन　　३. अन्य

द्वितीय स्रोत

१. पत्रपत्रिका　　३. टेलिभिजन　　५. अन्य

२. रेडियो　　४. अनलाइन

**९. घटनाका सम्बन्धमा तत्काल सूचना गर्नुपर्ने अन्य केही भए :**

..........................................................................................................

..........................................................................................................

**१०.०१. घटना पूर्वको विवरण :**

..........................................................................................................

..........................................................................................................

**१० .०२. घटना विवरण :**

..........................................................................................................

..........................................................................................................

**१०.०३. घटनापछिको विवरण :**

..........................................................................................................

..........................................................................................................

## सन्दर्भ सामग्री :


- अधिकारी, निर्मलमणि (२०१४) । *एनलाइजिङ्ग द स्टाटस एण्ड क्यापासिटी अफ फङ्सनल मिडिया राइट्स मोनिटरिङ्ग एण्ड रेसपोन्स डेस्क अफ प्रोफेसनल अर्गनाइजेसन्स इन नेपाल : ए स्टडी रिपोर्ट* । काठमाडौं : युनेस्को । अप्रकाशित ।
- इन्सेक (२०७१) । *कालिकोटबाट विस्थापित पत्रकार रमेश रावल घटना सम्बन्धमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गरेको स्थलगत अध्ययन् प्रतिवेदन* । नेपालगञ्ज : इन्सेक । अप्रकाशित ।
- इक्वेल एक्सिस (२०१२) । *पीडामा पत्रकारिता* । ललितपुरः इक्वेल एक्सिस ।
- ठकुराठीमाथि गिरोहद्वारा गोली प्रहार, स्वास्थ्यमा सन्तोषप्रद प्रगति : हत्यारा अझै पत्ता लागेको छैन । *साप्ताहिक विमर्श* । वर्ष १६, अङ्क २५, २०४३ भदौ २७ गते, शुक्रवार ।
- नेपाल पत्रकार महासङ्घ (वि.सं. २०६०) । *सङ्कटकालमा नेपाली प्रेस* । काठमाडौं : नेपाल पत्रकार महासङ्घ ।
- गाउँले, शिव र बलराम वानियाँ, संयोजक तथा सम्पादक (२००७) । *प्रेस स्वतन्त्रता : लोकतन्त्रको एक वर्ष* । काठमाडौं : नेपाल पत्रकार महासङ्घ ।
- रिपोर्टर्स विदाउट बोर्डर । Retrieved August 20, 2014, from http://en.rsf.org/keeping-watch-around-the-world-12-09-2012,43367.html
- विष्ट, महेन्द्र (वि.सं. २०७०) । *नेपालमा लोकतन्त्र स्थापनापछि प्रेस स्वतन्त्रताको अवस्था* (विद्यावारिधि - शोध प्रबन्ध) । काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय । अप्रकाशित ।

# अनुसूची

## निर्देशिकाका व्यवस्थाहरूलाई कार्यान्वयन गर्न आवश्यक तालिम

**तालिमको समग्र उद्देश्य (Overall Objectives) :** यस तालिमको अन्त्यमा यसका सहभागीहरूले प्रेस स्वतन्त्रता विरुद्धका घटनाहरूको तथ्य सङ्कलन गरी समग्र प्रतिवेदन तयार पार्न सक्नेछन् ।

## तालिमका उद्देश्यहरू (General Objectives) :

१. तालिमका सहभागीहरूले प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाका तथ्यलाई स्थलगत अध्ययन गरी उजागर गर्न सक्नेछन् ।

२. घटनाका दोषी वा पीडकलाई कारवाहीको दायरामा ल्याउन र भुक्तभोगी वा पीडितलाई न्याय दिलाउनका लागि घटनाको व्यवस्थित र वैज्ञानिक ढङ्गले अभिलेखिकरण गर्न सक्नेछन् ।

३. प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरूसँग सम्बन्धित आधारभूत तथ्य र समग्र वस्तुस्थिति नछुटाई प्रतिवेदन तयार पार्न सक्नेछन् ।

## सहभागीहरू :

प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाकासम्बन्धमा अनुगमन, अभिलेखन र प्रतिवेदन कार्यमा सम्लग्न व्यक्तिहरू

प्रशिक्षण समय : विहान ८.३० बजेदेखि दिउँसो ५.०० बजेसम्म

खानाका लागि मध्यान्हमा एक घण्टा विदा

# पहिलो दिन :

**खास उद्देश्य :** पहिलो दिन, तालिमको समापनसँगै सहभागीहरूले प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरूको अनुगमन र स्थलगत अध्ययन गरी तथ्यहरू सङ्कलन गर्न आवश्यक आधारभूत ज्ञान हासिल गर्नेछन् ।

## पहिलो सत्र

**प्रेस स्वतन्त्रतासम्बन्धी अवधारणा :**

१. प्रेस स्वतन्त्रता र लोकतन्त्र : मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र, सन् १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १६ डिसेम्बर १९६६ र नेपालको अन्तरिम संविधान २०६३

२. आमसञ्चार माध्यमको अधिकार हुने तीन अवस्था : पत्रकारमाथिको आक्रमण, आमसञ्चार प्रतिष्ठान वा कार्यथलो वा भौतिक संरचनामाथिको आक्रमण र साधनमाथि गरिएको आक्रमण

३. कानुनी र नैतिक वन्देज

४. प्रश्नउत्तर र सत्रको समीक्षा : आधा घण्टा

## दोस्रो सत्र

**अनुगमन, तथ्य सङ्कलन तथा अभिलेखीकरण**

१. अनुगमनको कार्यगत परिभाषा : प्राथमिक अनुगमन, अभिलेखन, पुनर्पुष्टि र प्रतिवेदन लेखन

२. तथ्य सङ्कलन तथा यसका तीन पक्ष (अवलोकन, दस्तावेज अध्ययन र अन्तर्वार्ता)

२.१. अवलोकन

२.२. अन्तर्वार्ता

२.३. दस्तावेज अध्ययन

३. प्रलेख तथा तथ्य–तथ्याङ्क विश्लेषण

४. उल्लङ्घनकर्ताका आधारमा उल्लङ्घनका प्रकार

४.१. राज्य पक्षबाट भएका उल्लङ्घनका घटनाहरू

४.२. गैरराज्य पक्षबाट वा सामाजिक रूपमा भएका उल्लङ्घनका घटनाहरू

४.३. तथ्य–तथ्याङ्क सङ्कलन विधि

४.४. प्राथमिक तथ्य–तथ्याङ्क सङ्कलन (स्थलगत अनुगमनमा आधारित)

४.५. द्वितीय श्रोतबाट प्राप्त हुने तथ्य-तथ्याङ्क सङ्कलन (Document or Library Research)

४.६. तथ्य सङ्कलन टोली र स्नोबल विधि (Snow Ball Method)

४.७. केन्द्रीकृत छलफल (Focus Group Discussion) तथा समूहगत अन्तर्वार्ता (Group Interview)

४.८. सङ्कलित तथ्यको पुष्टि पुनर्पुष्टि (Information Verification and cross-verification of the facts)

५. प्रश्नोत्तर र सत्रको समीक्षा : आधा घण्टा

## दोस्रो दिन

**पहिलो सत्रको खास उद्देश्य :** दोस्रो दिनको पहिलो सत्रको समापनसँगै

सहभागीहरूले प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरूको वैज्ञानिक र व्यवस्थित तरिकाले अभिलेखिकरण गर्ने सीप हासिल गर्नेछन् ।

## पहिलो सत्र

१. अभिलेखिकरणको परिभाषा र अभ्यास (Documentation):

क) उल्लङ्घनको शिकार भएका पत्रकारको व्यक्तिगत विवरण (नाम, ठेगाना, निकटतम् आफन्तको विवरण, फोन नम्बर आदि)

ख) उल्लङ्घनको शिकार भएका पत्रकारको व्यावसायिक विवरण (संस्थागत आवद्धता, जिम्मेवारी, कार्यथलो, फोन नम्बर आदि)

ग) उल्लङ्घनको विवरण क्रमाङ्गत रूपमा (उल्लङ्घनको प्रकार, उल्लङ्घन भएको स्थान, समय, मिति आदि)

घ) प्रत्यक्षदर्शी भए (नाम, ठेगाना, फोन नम्बर आदि)

ङ) उल्लङ्घनकर्ताको विवरण (नाम, संस्थागत आवद्धता, सङ्ख्या वा अन्य थप विवरण, पहिचान आदि)

च) उल्लङ्घनको संभावित तत्कालीन कारण (पत्रकारको कुन कामसँग सम्बन्धित हुन सक्छ ?, छापा माध्यम भए लेखौट र प्रसारण माध्यम भए सीडी समेत सम्लग्न गरी विवरण प्रस्तुत गर्ने)

२. अभिलेखीकरणका दुई प्रकार

२.१. पुस्तकालय स्रोतमा आधारित अभिलेखिकरण

२.२. घटनामा आधारित अभिलेखिकरण

३. तथ्य सङ्कलन फारम : अभिलेखको महत्वपूर्ण औजार (विद्युतीय र कागजी)

अभ्यास : सहभागीहरूलाई समूहमा विभाजन गरी कुनै घटनाका सम्बन्धमा अखवारमा छापिएका सामग्रीको आधारमा आधा घण्टाको समय दिएर समूहगत प्रतिवेदन पेश गर्न लगाइनेछ । समूहगत प्रस्तुतिपछि आधा घण्टा छलफल चलाइने छ ।

**खाना**

**पुनर्पुष्टिका आधारभूत पक्षहरू**

१. घटनाको प्रकृति

२. पीडितको पूर्ण जानकारी

३. पीडकको पूर्ण जानकारी

४. घटनाको पूर्ण विवरण (छ–क अर्थात कहाँ, कहिले, कसरी, को, किन र के)

५. घटनाको उजुरी र पीडितलाई न्याय दिलाउन सम्बन्धित निकायबाट भएको आवश्यक पहल भएको वा नभएको अवस्थासम्बन्धी जानकारी

६. तथ्यको पुष्टि गर्न सहयोग पुऱ्याउने अन्य आवश्यक कागजातहरू

७. सङ्कलित तथ्य–तथ्याङ्कको प्रशोधनसम्बन्धी सैद्धान्तिक जानकारी

८. प्रशोधित तथ्याङ्कको विश्लेषणसम्बन्धी सैद्धान्तिक जानकारी

९. प्रश्नोत्तर र सत्रको समीक्षा : आधा घण्टा

## दोस्रो सत्रः

**खास उद्देश्य :** दोस्रो दिन, दोस्रो सत्रको समापनसँगै सहभागीहरूले प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरूको अनुगमन र स्थलगत अध्ययन गरी प्रशोधन पश्चात् उपलब्ध सूचनाहरूको अध्ययन र विश्लेषण गरी सुस्पष्ट प्रतिवेदन तयार पार्न आवश्यक ज्ञान र सीप हासिल गर्नेछन् ।

## दोस्रो सत्र

**प्रतिवेदन लेखन**

१. तथ्यको सिलसिलावद्ध, संक्षिप्त तर समग्र प्रस्तुति (प्रतिवेदन लेखनका चरणहरू र संरचनासम्बन्धी जानकारी)

२. सङ्कलित तथ्यका आधारमा सम्बन्धित सैद्धान्तिक विषयहरूको उठान

३. घटनाका कारण उल्लङ्घन हुन गएका अधिकारहरूका साथै सम्बन्धित निकायको उत्तरदायित्वको विश्लेषण अभ्यास : अघिल्लो दिनको समूहगत प्रस्तुतिसँग सम्बन्धित सैद्धान्तिक विषयवस्तुहरूमा आधा घण्टा छलफल ।

४. सङ्कलित तथ्य तथा सूचनाहरूको अध्ययन, पुनः अध्ययन तथा विश्वसनियताको जाँच

५. निष्कर्ष र सुझाव लेखन

६. घटना अध्ययन (Case Study): सिद्धान्त र व्यवहार

   ६.१. घटना अध्ययनका आधारभूत पक्षहरू

७. प्रश्नोत्तर र सत्रको समीक्षा : आधा घण्टा

## सन्दर्भ सामग्री :


- श्री ५ को सरकार परराष्ट्र मन्त्रालय (१९९८) । *मानवअधिकार: नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको सङ्ग्रह* । काठमाडौं: श्री ५ को सरकार परराष्ट्र मन्त्रालय ।
- इन्सेक (२००७) । *नेपाल मानवअधिकार वर्ष पुस्तक निर्देशिका २०६४* । काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक ।
- द एडभोकेट्स फर ह्यूमन राइट्स एन्ड यु एस ह्यूमन राइटस् नेटवर्क (२०११) । *अ प्राक्टिस्नर गाईड टु ह्यूमन राईटस मोनिटरिङ, डकुमेन्टेसन एन्ड एडभोकेसी* । यु एस ए : द एडभोकेटस फर ह्यूमन राइटस एन्ड यु एस ह्यूमन राइटस् नेटवक ।
- नेशनल ह्युमन राईट्स कमिसन । *पकेट बुक अन द सेभेन मेन इन्टरनेश्नल ह्यूमन राईट ट्रिटिज विथ अप्सनल प्रोटोकल* । ललितपुर । नेशनल ह्यूमन राईट्स कमिसन नेपाल ।

५० ओटाभन्दा बढी अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको सहयोगमा सञ्चालित 'संयुक्त राष्ट्रसङ्घीय शान्ति कोष'को आर्थिक सहयोगमा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को काठमाडौंस्थित कार्यालयले पत्रकार सुरक्षा अभिवृद्धि परियोजना कार्यान्वयन गरिरहेको छ । यो दस्तावेज 'नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय शान्ति कोषमार्फत् व्यवस्थित हुने आर्थिक सहयोगमा सञ्चालित सोही परियोजनासँगको सहकार्यको उपज हो ।

UNESCO
United Nations
Educational, Scientific and
Cultural Organization

पत्रकार सुरक्षा अभिवृद्धि परियोजना
संयुक्त राष्ट्रसङ्घीय शैक्षिक,
वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)
काठमाडौं, कार्यालय
पो.ब.नं. १४३९१, सानेपा–२, ललितपुर, नेपाल
टेलिफोन: (९७७–१) ५५५४३९६, एक्टेन्सन–३०
इमेल: id.pant@unesco.org

नेपाल पत्रकार महासङ्घ
सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं
फोन: ०१–४११२७६३, ४११२६७३
इमेल: fnjnepal@mail.com.np
वेवसाइट: www.fnjnepal.org

ISBN 9937-29021-X
9789937290210
ISBN: 978-9937-2-9021-0